**Patan Pragya** *(Volume: 10, Number: 1, 2022)* *ISSN 2594-3278*

Received Date: April 2022 Revised: June 2022 Accepted: July 2022

*Doi-https://doi.org/10.3126/pragya.v10i01.50825*

# 'खत्री बालाई आजभोलि निद्रा लाग्दैन' र 'खूला पिंजडा'कथामा अनुभूतिको संरचना

**डा. शोभाकुमारी ढुङ्गाना***

**सार**

*प्रस्तुत अनुसन्धानात्मक लेख ऋषिराज बरालको 'खत्री बालाई आजभोलि निद्रा लाग्दैन' र ललित विष्टको 'खूला पिँजडा' कथामा अनुभूतिको संरचना शीर्षकमा केन्द्रित छ । यी दुवै समकालीन कथा हुन् । 'खत्री बालाई आजभोलि निद्रा लाग्दैन' कथा ग्रामीण नेपालको सामन्ती सामाजिक व्यवस्था र ललित विष्टको 'खूला पिँजडा' नेपालको पितृसत्तात्मक अर्धसामन्ती र अर्ध पूँजीवादी सामाजिक व्यवस्थाको पीठिकामा उभिएको छ । विलियम्सले भनेजस्तै पिँढीगत दृष्टिलेखत्री बाले प्रभुत्वशाली पिँढीको र रामे किस्नेजस्ता श्रमजीवी, गरिब गाउँलेहरूले अधीनस्थ पिँढीको प्रतिनिधित्व गरेका छन् । वर्षौंदेखि गरिब गाउँलेहरूमाथि प्रभुत्व जमाउँदै आएका खत्री बालाई आफूभन्दा शक्तिशाली सशस्त्र द्वन्द्वरत समूहले भेट्न आउँछौँ भनी पठाएको चिठी पढेपछि र आफ्नै घरको नोकर मुक्ति सेनामा सामेल भएपछि मानसिक रूपमा पराजित बनेका उनका क्रियाकलाप र अनुभूतिको संरचनाबाट प्रभुत्वशाली पिँढीको आधिपत्यको अन्त्य भई शोषणमुक्त नवीन संस्कृतिको निर्माण गर्ने संकेत यस कथाले प्रस्तुत गरेको छ । 'खूला पिँजडा' कथाको म पात्रलेप्रभुत्वशाली पिँढीको र अविसाले अधीनस्थ पिँढीको प्रतिनिधित्व गरेका छन् । बाध्यतावश वेश्यावृत्ति अपनाउन पुगेकी एउटी गाउँले टुहुरी युवती अविसा र गाउँबाट सहरमा उच्च शिक्षा अध्ययन गर्न आएको युवक म पात्रबिच कोठीमा भेट भएपछि उनीहरूबिचको प्रेमसम्बन्ध र त्यसले जन्माएको परिणति नै 'खूला पिँजडा' कथाको अनुभूतिको संरचना हो । फोस्रो इज्जतका लागि आफ्नै पत्नीबाट छुटकारा पाउन म पात्रले आपले जन्माएको बच्चाको हत्या गर्न खोजेपछिअविसाले एक महिनाको बच्चा लिएर धिक्कार्दै विद्रोह गरेर हिँडेकी घटनाले पितृसत्तात्मक प्रभुत्वशाली संस्कृतिको कुरूपताबाट नवसंस्कृतिको जन्म हुने संकेत गरेको देखिन्छ ।*

**शब्दकुन्जि** ः पिँढी, प्रभुत्वशाली, अधीनस्थ, उदीयमान, पितृसत्ता ।

## १. विषय परिचय

प्रस्तुत शोधऋषिराज बरालको 'खत्री बालाई आजभोलि निद्रा लाग्दैन' र ललित विष्टको 'खूला पिंजडा' कथामा अनुभूतिको संरचना शीर्षकमा केन्द्रित रहेको छ । प्रस्तुत लेखमा ऋषिराज बराल (२००९) द्वारा लिखित 'खत्री बालाई आजभोलि निद्रा लाग्दैन' कथा र ललित विष्टको 'खूला पिँजडा' गरी दुई वटा कथामा केन्द्रित रही रेमन्ड विलियम्सको अनुभूतिको संरचनासँग सम्बन्धित रहेर समाजशास्त्रीय अध्ययन गरिएको छ । ऋषिराज बराल र ललित विष्ट दुवै विगतमा भएको १० वर्षे जनयुद्धलाई समर्थन गरेर कथा लेख्ने कथाकार हुन् । बराल र ललित विष्ट दुवैका कथामा एकातिर सामन्ती सामाजिक व्यवस्थाका कारण निम्नवर्गीय जनताले भोग्नु परेका शोषण उत्पीडनलाई केन्द्रित गरिएको पाइन्छ भने अर्कोतिर विगतमा भएको दस वर्षे द्वन्द्वका घटनाक्रम र त्यसबाट उत्पन्न परिणामलाई विषयवस्तु बनाइएको हुन्छ । यी दुवैका कतिपय कथामा पुरुषद्वारा नारीलाई गरिने शोषण, उत्पीडन र पीडाका कथाहरूलाई पनि विषयवस्तु बनाइएको पाइन्छ । ऋिषीराज बराल वरिष्ठ कथाकार हुन् । 'आत्माको अन्तराल' (२०३२) बालकथा 'बयान' (२०४२), 'भग्नावशेष' (२०४४), 'वनमान्छेको कथा' (२०५४), 'सैन्य उपहार' (२०५८), 'पैयुँ फुल्न थालेपछि' (२०६३), 'ऋषिराज बरालका प्रतिनिधि

*उप प्राध्यापक डा. शोभाकुमारी ढुङ्गाना पाटन संयुक्त क्याम्पस नेपाली विभागमा कार्यरत हुनुहुन्छ ।

कथाहरू' (२०६७), 'बर्की नम्बर १३ ९९९' (२०७१) गरी आठवटा कथासङ्ग्रह प्रकाशित छन् । ललित विष्ट उदीयमान कथाकार हुन् । वि.सं. २०७६सालमा प्रकाशित मोहपथ उनको पहिलो कथासङ्ग्रह हो । यसमा जम्मा १५ वटा कथा सङ्ग्रहित छन् । यही कथा सङ्ग्रहमा प्रकाशित ऋषिराज बरालको 'खत्री बालाई निद्रा लाग्दैन' कथा समकालीन ग्रामीण नेपाली समाजमा जमिन्दार तथा सामन्तहरूबाट हुने गरेका शोषण र उत्पीडनको कथा हो । वर्षौंदेखि साउँमा व्याज र स्याज थप्दै ऋणीहरूलाई शोषण गर्न पल्केका खत्री बालाई १० वर्षे जनयुद्धमा लागेका सङ्गठित समूहले भेट्न आउँछौँ भनी पठाएको चिठी र आफ्नै घरको नोकर मुक्ति सेनामा सामेल भएपछि मानसिक रूपमा पराजित बन्दै गएको खत्री बाको क्रियाकलाप र अनुभूतिको संरचनालाई केन्द्रित गरी अध्ययन, विश्लेषण गरिएको छ । ललित विष्टको खूला पिँजडा' सामन्ती संस्कार र पूँजीवादी संस्कृतिको समेत प्रभावमा परेको एउटा युवकले यौन प्यास मेटाउने क्रममा वेश्यालयकी युवतीसँग सम्बन्ध बढाउँदै जाँदा यौनान्दका लागि गरेका नक्कली प्रेमलाई युवतीले साँचो ठानेपछि देखा परेका समस्या र यी दुईका अनुभूतिजन्य क्रिया प्रतिक्रियाबाट उत्पन्न विशिष्ट अनुभूतिको संरचना कसरी तयार भएको छ भनी अध्ययन गरिएको छ । बरालको 'खत्री बालाई निद्रा लाग्दैन' कथा र विष्टको 'खुला पिँजडा' दुवै समकालीन कथा हुन् । यिनै दुई कथामा केन्द्रित भएर अनुभूतिको संरचना कसरी तयार गरिएको छ भन्ने जिज्ञासामा प्रस्तुत शोध लेख तयार गरिएको छ ।

## २. अध्ययन विधि

प्रस्तुत अनुसन्धानात्मक लेखका लागि सन्दर्भ सामग्री चयन पुस्तकालयबाट गरिएको छ । यसमा विवेच्य सामग्रीको चयन गर्दा ऋषिराज बरालको 'खत्री बालाई आजभोलि निद्रा लाग्दैन' र ललित विष्टको 'खूला पिँजडा' कथालाई नै प्राथमिक सामग्री बनाइएको छ । द्वितीय सामग्रीका लागि रेमन्ड विलियम्सको अनुभूतिको संरचनासँग सम्बन्धित समालोचना, विभिन्न पुस्तक तथा अनुसन्धानात्मक लेख रचनालाई आधार बनाइएको छ । प्रस्तुत अध्ययनका लागि वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ ।

## ३ . सैद्धान्तिक पर्याधार

अनुभूतिको संरचना साहित्यको समाजशास्त्रीय अध्ययन पद्धतिको महत्वपूर्ण अवधारणा हो । बेलायती चिन्तक रेमन्ड विलियम्स (सन् १९२१–१९८८) ले यस समाजशास्त्रीय अवधारणालाई अघि सारेका हुन् । उनले सन् १९५४ मा आफ्नो प्रिफेस टु फिल्म एन्ड ड्रामाटिक ट्रेडिसन्स लेखमार्फत पहिलो पटक अनुभूतिको संरचनासम्बन्धी अवधारणा अघि सारेका हुन् । विलियम्सका विचारमा संस्कृति जीवनको समग्र पद्धति हो । सजीव मानिसबाट यसको निर्माण, पुनः निर्माण हुन्छ, उत्पादन हुन्छ । यसले मानवीय ऊर्जा र अभीष्टलाई बोकेको हुन्छ । यसरी कला, साहित्यलगायत सबै कुराको आधार संस्कृति हो (विलियम्स, १९६५, पृ. ६३) । संस्कृति मानिसलाई ऊर्जा प्रदान गर्ने समग्र पद्धति हो । संस्कृतिको निर्माण, पुनः निर्माण र उत्पादन मानिसबाट हुन्छ र कलासाहित्यको निर्माणमा पनि संस्कृति नै मूल आधार हो भन्ने विलियम्सको मत रहेको छ । विलियम्सका विचारमा कृतिमा समाजका मुख्यतः तिन पिँढीका बिच अन्तर्सम्बन्ध र क्रिया प्रतिक्रिया हुने र त्यस प्रक्रियामा समुदायले गर्ने विशिष्ट दबावजन्य अनुभूतिको अभिव्यक्ति कलाकृतिमा हुने अनि पिँढी वा समुदाय तथा तिनका अनुभूतिको अध्ययनबाट समाज विशेषको सांस्कृतिक स्थिति र सामाजिक परिवर्तनको प्रक्रिया थाहा पाउन सकिने दृष्टिकोण उनले राखेका छन् (पाण्डेय, २०७८, पृ. २४) । विलियम्सले समाजमा प्रायः पहिलो पिँढी प्रभुत्वशाली हैसियतमा रहेको हुन्छ र दोस्रो (अझ तेस्रो) पिँढीले अघिल्लो पिँढीको विकल्पमा आफ्नो अनुभूतिको संरचना निर्माण गर्दछ । यस क्रममा दबाव र तनावको सृजना हुन्छ र त्यसको समाधान स्वरूप दोस्रो, तेस्रो पिँढी अथवा समुदायले वैकल्पिक बाटो लिन्छ र त्यसले नयाँ अनुभूतिको संरचना जन्माउँछ । यसै कारण विलियम्स यस पिँढी वा समुदायलाई प्रभुत्वशाली सांस्कृतिक उत्पादक समूहको संज्ञा दिन्छन् । यसरी प्रत्येक कालखण्डमा समाजमा यी पिँढी वा समुदायका आफ्ना अनुभूति हुन्छन् र हरेक कलाकृति यही अनुभूतिको संरचनाकै उपज हुन् (पाण्डेय, २०७८, पृ. ३१) । प्रभुत्वशाली संस्कृतिका विकल्पमा दोस्रो तथा तेस्रो अर्थात्

उदीयमान पिँढीले अनुभूत गर्ने विशिष्ट प्रकारको अनुभूति नै अनुभूतिको संरचना हो र हरेक कलाकृति अनुभूतिको संरचनाकै उपज हुन् भन्ने विलियम्सको मत रहेको छ।

अनुभूतिको संरचना ग्राम्सीको प्रभुत्वशाली विचारसँग नजिक रहेको पाइन्छ। उनले द प्रिजन्स नोटबुक्स सेलेक्सन्स पुस्तक २०७२, पृ. १४ मा प्रभुत्वको तात्पर्य प्रत्यक्ष राजनीतिक नियन्त्रण मात्र होइन मानवीय स्वभाव र सम्बन्धलाई सूक्ष्म रूपले प्रभाव पार्ने र आकार दिने पद्धति हो। प्रभुत्व अनुभवहरूको बोध गरिएको जटिल संरचना हो। वर्ग र समुदायबिचको सम्बन्ध र गतिविधिहरूमा भइरहने दबाव र सीमाभित्र यसले सोझै शासक वर्गका स्वार्थलाई व्यक्त गर्दैन तर सामान्य चेतना र सामान्य यथार्थका रूपमा अथवा आफ्नै वस्तुका रूपमा ग्रहण गरिरहेका हुन्छन् (पाण्डेय, २०७८, पृ. २९) । यसर्थ विलियम्सका मतमा ग्राम्सीद्वारा प्रस्तुत सांस्कृतिक प्रभुत्वसम्बन्धी विचारधाराअनुसार एउटा विशेष सामाजिक वर्गले सामाजिक विविधताको जटिल सामाजिक व्यवस्थामा अन्य समूहलाई संस्कृतिका आधारमा शासन गरिरहेको हुन्छ। ग्राम्सीले प्रभुत्वलाई राजनीतिक आधारबाट मात्र  नभई समाज र संस्कृतिको अन्तर्सम्बन्ध तथा सम्पूर्ण सामाजिक पद्धतिमा निहित संस्कृतिको जटिल संरचनाका सन्दर्भबाट पनि चर्चा गरेका छन् (भट्टराई, सन् २०२१, पृ. १३२) ।सामाजिक विविधताको जटिल सामाजिक व्यवस्थामाएउटा विशेष सामाजिक वर्गले  अन्य समूहलाई संस्कृतिका आधारमा शासन गरिरहेको हुन्छ। त्यसैले प्रभुत्वशाली संस्कृतिको प्रभाव कुनै न कुनै रूपमा समाजका विभिन्न तहमा प्रवेश गरिरहेको हुन्छ। यो प्रभुत्वशाली पिढीको श्वाथका रूपमा नभएर आफ्नै चेतना र यथार्थ वस्तुका रूपमा अन्य समूहले यसलाइ अपनाइरहेका हुन्छन् भन्ने ग्राम्सीको मत रहेको छ। ग्राम्सीको विचारबाट सहमत भएर विलियम्सले अनुभूतिको संरचना तयार गरेका हुन्।

अनुभूतिको संरचना तयार गर्ने क्रममा पहिलो पिँढी जसले प्रभुत्वशाली संस्कृति बोकेको हुन्छ र यसले दोस्रो र तेस्रो पिँढी अर्थात् अधीनस्थ र नव उदीयमान समुदायले प्रभुत्वशाली संस्कृतिको दबाव र दबावको विशिष्ट अनुभूतिको सृजना गर्छ र विकल्प खोज्ने क्रममा यिनीहरूले नयाँनयाँ कला र संस्कृतिको पुनः निर्माण गर्दछन् भन्ने विलियम्सको विचार रहेको छ। यस्ता विशिष्ट अनुभूतिले कालखण्ड विशेषको संस्कृतिलाई प्रस्तुत गरेको हुन्छ। कृतिमा प्रस्तुत गरिएका प्रभुत्वशाली समुदाय तथा व्यक्तिहरूले अधीनस्थ समुदाय तथा व्यक्तिहरूमा आफ्नो प्रभाव पार्ने प्रयास गरिरहेको हुन्छ र अधीनस्थ समुदायले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा उनीहरूबाट प्रभुत्वशाली संस्कृति ग्रहण गर्नुपर्दा हुने दबाव र तनावबाट सिर्जित अनुभवहरू नै अनुभूतिको संरचना हो। यसैले विलियम्सले खास गरी कृतिमा अभिव्यक्त गरिएका पिँढीगत समुदाय तिनीहरूका स्वभाव, आचरण, तिनीहरूका प्रकार तथा अधीनस्थ र तिनीहरू बिचका (प्रभुत्वशाली र अधीनस्थ) अन्तर्सम्बन्धको खोजी गर्नु र दबाव र तनावका परिप्रेक्षमा एकै कालखण्डमा रहेका पिँढीगत समुदाय तथा व्यक्तिहरूको अनुभूतिको सम्बन्धको खोजी गर्नु नै समाजशास्त्रीय अध्ययनको मूल आधार मानेका छन्। उनले पिँढीगत अवस्थाको र उनीहरूद्वारा विस्तार गर्ने संकृति सुरुमा व्यक्तिगतरूपमा देखिए पनि विस्तारै यसले सामाजिक रूप ग्रहण गर्दै जान्छ। प्रभुत्वशाली पिँढीले पारेको प्रभाव अधीनस्थ तथा दोस्रो पिँढीले ग्रहण गर्दै एउटा व्यक्ति, वर्ग, समुदायका बिच क्रिया प्रतिक्रिया र अन्तःसम्बन्धबाट दबाव र तनावको अनुभवद्वारा सृजित अनुभूति नै अनुभूतिको संरचना हो भन्ने विलियम्सको भनाइ रहेको छ ।विलियम्सको यही अनुभूतिको संरचनामा आधारित भएर यस शोध लेखको अध्ययन गरिएको छ।

## ४ .'खत्री बालाई आजभोलि निद्रा लाग्दैन' कथाको आख्यान सन्दर्भ

ऋषिराज बरालको 'खत्री बालाई आजभोलि निद्रा लाग्दैन'  नेपाली ग्रामीण समाजमा भएको सामन्ती शोषण र उत्पीडनको कथा हो। प्रस्तुत कथाका प्रमुख पात्र खत्रीबा गाउका जमिन्दार हुन्। उनका घरमा थुप्रै नोकर चाकर, गाई भैसी, गरगहना, र नगद सम्पत्ती र कैयौँ कीर्ते तमसुकसमेत छन्। निम्न आर्थिक अवस्थाका कारण निमूखा गरिव गाउँलेहरू खत्रीबास'ग ऋण लिन बाध्य छन्। गरिव गाउ'लेहरूको वाध्यता र विवशताको फाइदा उठाएर ५०० साउ'मा व्याज र स्याज गरी ५०००० सम्मको कीर्ते तमसुक बनाएर खत्रीबाले कतिलाई घरबार विहीन बनाएका छन् भने कतिलाई पुस्तौ'देखि उनकै

घरमा नोकर बनाएर राखेका छन् । गाउँभरि उनकै प्रभुत्व छ । पुलिस प्रशासन पनि उनकै हातमा छ । देशभरि चलिरहेको द्वन्द्वको प्रभाव खत्रीबाको गाउँमा पनि पर्या ।जनयुद्धमा लागेका सशस्त्र सङ्गठित समूहले भेट्न आउँछौँ भनी पठाएको चिठी र आफ्नै घरको नोकर मुक्ति सेनामा सामेल भएपछि मानसिकरूपमा पराजित बन्दै गएको खत्री बाको क्रियाकलाप र अनुभूतिको संरचना नै प्रस्तुत  कथाको आख्यान सन्दर्भ हो ।

## ५.'खत्री बालाई आजभोलि निद्रा लाग्दैन' कथामापिँढी र प्रभुत्वको परिप्रेक्षमा अनुभूतिको संरचना

'खत्री बालाई आजभोलि निद्रा लाग्दैन' नेपालको सामन्तवादी सामाजिक व्यवस्थाको पीठिकामा उभिएको कथा हो । नेपालका ग्रामीण भेगका श्रमजीवि गरीब नेपालीहरूले भोग्नु परेको आर्थिक सामाजिक उत्पीडन सामन्तवादी आर्थिक सामाजिक संरचनाका परिणति हुन् । प्रस्तुत कथा पनि त्यही सामन्तवादी आर्थिक, सामाजिक, सांस्कृतिक संरचनामा आधारित छ । खत्रीबा सामन्त तथा जमिन्दार वर्गको प्रतिनिधित्व गर्ने पात्र हुन् । विलियम्सले भनेजस्तै पिढीगत दृष्टिले खत्री बाले प्रभुत्वशाली पिढीको प्रतिनिधित्व गरेका छन् । पुलिस प्रशासनदेखि सारा गाउँलेहरू उनका मुठीमा छन् । व्यक्ति पात्र भएर पनि उनले एउटा सिङ्गो प्रभुत्वशाली पिँढी र सिङ्गो समुदायको प्रतिनिधित्व गरेका छन् ।

खत्री बाले नेपाली समाजमा प्रभुत्वशाली पिँढीको निर्माण गरेका छन् । उनले आफ्नो आर्थिक सामाजिक प्रभुत्व कायम राख्न अर्को पिँढीलाई अधीनस्थ बनाउन थुप्रै प्रयास गरेका छन् । आर्थिक दुरावस्थामा परेका गाउँलेहरूले खत्रीबासँग ऋण लिँदा साउँलाई व्याजको स्याज गरेर घरबार विहीन बन्न पुगेका मध्ये उनको आफ्नै घरमा बसेको रामे र उसको परिवार पनि हो । खत्री बाकै घरमा काम गर्दागर्दै उसका आमा बाबु त्यही घरमा मरे । केही समयदेखि वर्गीय मुक्तिका लागि भएको सशस्त्र द्वन्द्वको प्रभाव देशभरि नै परिरहेको थियो । खत्री बा जस्ता शोषक सामन्तहरूको शोषणमा परेर वर्षौंदेखि उत्पीडन सहन बाध्य भएका अधिनस्थ समुदायका व्यक्तिहरू मुक्ति पाउने आशले सशस्त्र सङ्घर्षमा सङ्गठित भइरहेको अवस्था थियो । केही दिन अघि मात्र खत्री बा हामी तपाईंको सन्चो बिसन्चो बुझ्न छिट्टै तपाईंलाई भेट्न आउँदैछौँ– जनताका मित्रहरू  भनी चिठी पठाएका थिए (९२) । सशस्त्र सङ्घर्षरत पक्षबाट पठाइएको यस्तो पत्र पढेपछि उनलाई रातभर निद्रा लागेको छैन । सबैमाथि प्रभुत्व जमाएर बसेका खत्रीबा आफूभन्दा शक्तिशाली समूह अगाडि आएपछि उनको होस हराएको छ । उनलाई रातभर निद्रा लाग्दैन । कथाकारले खत्री बाको अवस्थाको वर्णन यसरी गरेका छन् ः

आजभोलि खत्री बालाई झ्याउँकिरी कराउन थालेपछि रुन मन लाग्छ । पेट पोल्न थाल्छ र वाकवाकी होला जस्तो हुन्छ ... साँझ छिप्पिदै गयो तर खोइ निद्रा लागे पो । खत्री बाले बाकस खोले । तमसुकका बिटा निकाले । रामबहादुर खवास दस हजार, तिलकबहादुर सुनार अठार हजार, इमाने कामी आइते तामाङ ... दुई लाख जतिको हिसाब पुग्यो । तमसुकको बिटापछि उनका आँखा गरगहना भए ठाउँमा पुगे । हात पुराना पैसाको थैलोमा पुगे । उनको आँखामा फेरि त्यही चिठी नाच्न थाल्यो । उनले त्यो चिठी धुजा धुजा पारेर चिलिमको आगोमा हालेका हुन् गुड्डु । तर त्यो चिठी, चिठीभित्रको बेहोरा अक्षर र केही अनुहारहरू पनि झन् ठुलाठुला आकार बनेर उनका सामु उभिन्छन् । खत्री बा हामी तपाईंको सन्चो विसन्चो बुझ्न छिट्टै तपाईंलाई भेट्न आउँदैछौँ ... जनताका मित्रहरू (९२) ।

यसरी एउटा चिठीले खत्री बाको भोक, निद्रा सबै हराएको छ । उनी आफ्ना करतुत लुकाउन र सम्पत्ति जोगाउनका लागि सुतिरहेकी श्रीमती खत्रिनी आमैलाई उठाउँदै यो थैलो लगेर फोस्रा बोटमुनि गाडौँ भन्छन् । खत्रिनी आमैले रामेलाई लगे हुन्न भन्दछिन् तर खत्री बालाई नोकर छोराछोरी कसैमाथि पनि भरोसा छैन । कतै यिनीहरू पनि द्वन्द्वरत पक्षसँग मिलेका छन् कि भन्ने उनलाई शङ्का छ त्यसैले बिहान हुने वित्तिकै रामेलाई बोलाएर आजदेखि गाईवस्तु लिएर वनतिर नजानु खरबारीको पुछारमा चराए हुन्छ भन्दछन् । उनको कुरा सुनेर राम किस्ने सबै छक्क पर्दछन् । नभन्दै खत्री बाको शङ्का सत्यमा परिणत भयो

केही दिन नबित्दै रामे बेपत्ता भयो । वर्षौंदेखि आफ्नै घरमा काम गर्दै आएको हली गोठालो भागेर सशस्त्र द्वन्द्वमा सामेल भएपछि खत्री बाको सातो गयो । उनी मानसिक रूपले अत्यन्त अशान्त र त्रसित भए । रामेलाई खत्री बाका शोषण र जालझेल गरी बनाइएका तमसुकदेखि सबै करतुतहरू थाहा भएकोले कतै पोल खोलिदिने त होइन । आफूभन्दा शक्तिशाली (प्रभुत्वशाली) शक्ति आएर आफ्ना हातखुट्टा भाँचिदिनै त होइनन् । कतै आफ्नो सारा प्रभुत्व र सान सौकत सबै डुब्ने त होइन भन्ने आशङ्काले उनको मन पिरोलिएको छ । त्यसैले आफ्नो प्रभुत्व जमाइराख्नका लागि हर प्रकारका प्रयास गरेका छन् । उनले रामेलाई खोज्न जोर बल लगाए । पुलिस प्रशासनलाई खटाए । उनीहरूलाई दुध, घिउ पोसे तर पनि रामे फेला पर्न सकेन । उनी रिसले मुर्मुरिए दिनभर उनको छाती पोलिरह्यो । फेरि साँझ पर्‍यो । रात पनि छिप्पिदै गयो । बाहिर खस्र्याक खुस्रुकको आवाज आउँदा पनि खत्री बाको मुटु उफ्रिन थाल्यो । गहनाको थैलो र तमसुकको बिटो लगेर प्लास्टिकले बेरेर बाख्राको खोरमा राखे (९३) । खत्री बाले निम्न वर्गीय दुःखी गरीब गाउँलेहरू विलियमकै शब्दमा भन्ने हो भने दोस्रो पिढी अर्थात् अधीनस्थ समुदायप्रति गरेको शोषण उत्पीडन , साउँ माथि व्याज र स्याज गरेर बनाइएका तमसुकका बिटा, धन सम्पत्ति सबै सामन्ती सामाजिक व्यवस्थाद्वारा निर्मित, पुनर्निर्मित संस्कृति हुन् । जमिन्दारको प्रभुत्वका अगाडि चुँसम्म गर्न नसकेर घरबार बिहीन भई बाबुआमासहित गोठालो बस्न बाध्य अधीनस्थ व्यक्तिको उदाहरण रामबहादुर अर्थात् साइँलो सुनवार हो । त्यसपछि किस्ने चित्रेजस्ता निमुखा गाउ'ले हुन् । खत्री बालाई कतै किस्ने र चित्रे पनि भाग्ने त होइनन् भन्ने आशङ्का बढ्दै गएको छ । उनीहरूलाई तमसुक, गरगहना सबै कुरा थाहा छ त्यसैले उनले यिनीहरूलाई कहिल्यै नछुट्ने गरी ज्यान मार्ने उद्योगमा लागेको अभियोग लगाएर थुन्ने योजना समेत बनाए ।

जमिन्दारको उत्पीडनबाट मुक्ति पाउने आसले सशस्त्र समूहमा सामेल भइसकेपछि कथामा भएका विभिन्न घटना र परिघटनाले जन्माएको खत्रीबाको सामन्ती चरित्रको विशिष्ट अनुभूतिले प्रभुत्वशाली पिढीगत अनुभूतिको संरचना सशक्त रूपमा निर्माण भएको देखिन्छ ।

**६..'खत्री बालाई आजभोलि निद्रा लाग्दैन' कथामा दबाव र तनावका परिप्रेक्षमा**

**अनुभूतिको संरचना**

'खत्री बालाई आजभोलि निद्रा लाग्दैन' कथाको संरचना एकातिर प्रभुत्वशाली सामन्ती संस्कृतिका दबावमा अधीनस्थ समुदाय तथा पिँढीले गरेको विशिष्ट अनुभूतिको संरचना हो भने अर्कोतिर अधीनस्थ पिढीले प्रभुत्वशाली संस्कृतिको दबाव र तनावमा परेर वैकल्पिक बाटो रोजेपछि त्यसको दबाव र तनावमा परेर प्रभुत्वशाली पिँढीले भोग्नु परेको दबाव र तनावको अनुभूतिको संरचनामा आधारित छ । प्रस्तुत कथामा समाजमा रातो दिन शोषण गर्दै आएका खत्री बाजस्ता सामन्तहरूको अमानवीय व्यवहारले गर्दा दयनीय अवस्थामा पशु सरह जीवन निर्वाह गरिरहेका अधीनस्थ पिँढीका मानिसहरूमा जन्माएको आक्रोस, पीडा र त्यसबाट मुक्ति पाउनका लागि उनीहरूद्वारा गरिएको सङ्गठित प्रयासबाट शोषक सामन्तहरूको मुटु हल्लिएको छ । खत्री बाको अगाडि शिरसम्म ठाडो गर्न नसक्ने रामबहादुरका अनुभूतिलाई कथाकारले पराजित मानसिकतामा डुबेका खत्री बाको विगतको स्मरण गराउँदै तन्द्राका अवस्थामा रामेद्वारा गरिएको अनुभूति यसरी प्रस्तुत गरिएको छ ः

खत्री बा चिन्नु भो ? म रामबहादुर तपाईंको घरमा गोबर सोहर्ने केटो आठ वर्षको उमेरदेखि १८ वर्षसम्म नोकर बसेको रामे । मेरो हजुरबाको पान सयको तमसुक बाका नाममा पचास हजारमा फेरियो । बाबु यहीँ मरे, आमा यहीँ मरिन् दाजु घाँस काट्न जाँदा लडेर मर्‍यो, मेरो घर खेतको नाम तपाईसित जोडियो । म के खान्थेँ कस्तो लुगा लाउँथे ... हेर्नोस त यो लुगा यो रातो टोपी ... यो रातो तार हेर्नोस् त हातमा के के छ ? अब म पनि फौजी अब म स्वतन्त्र छु .... वनपाखा चाहार्छु ल्याउनोस् तमसुक म तपाईंको ऋण तिर्छु रामबहादुरका हात आफूतिर लम्किएझै लाग्छ खत्री बालाई । खत्री बा आँखा मिच्छन् मुन्टो

हल्लाउँछन् । निद्राबाट व्युझेझै हुन्छन् । पक्कै हो त्यो डाँकाहरूसित मिल्न गयो त्यसलाई यो घरको सब कुरा थाहा छ उनी खुइय गर्छन् घुटुक्क थुक निल्छन् (९४) ।

खत्री बाको कीर्ते तमसुकका कारण घरबार बिहीन भई बाबुआमासहित गोठालो बस्न बाध्य अधीनस्थ परिवारका उदाहरण हो रामबहादुर अर्थात् साइँलो सुनुवार । सामन्तवादी शोषणकारी आर्थिक, सामाजिक, सांस्कृतिक धरातलमा उभिएको प्रभुत्वशाली पिढीका विरुद्ध रामेजस्ता श्रमिक तथा अधीनस्थ पिढीले रोजेको वैकल्पिक सङ्गठित शक्तिसँग आबद्ध हुनु र खत्रीबालाई पठाएका चिठीबाट पिरोलिएको खत्री बाको पराजित मानसिक अवस्था र रामेले खत्री बासँग व्यक्त गरेको माथिका अनुभूतिजस्ता परिघटना समेतले जन्माएको विशिष्ट अनुभूतिलाई हेर्दा यसमा पिँढीगत अनुभूतिको संरचना सशक्त ढङ्गले व्यक्त भएको छ । प्रभुत्वशाली पिढीको शोषण दमन, जालझेलबाट बनाइएको कीर्ते तमसुक र उनीहरूको प्रभुत्व बेहोर्न बाध्य भएका रामबहादुर (रामे) जस्ता विपन्न समुदायको जीवनदशा अनि त्यसलाई बदल्ने या त्यसबाट मुक्ति पाउने चाहना र प्रयासबाट तयार भएको सशस्त्र सङ्गठित द्वन्द्वरत पक्षको प्रतिनिधित्व गरेको रामेको अनुभूतिबाट कथाको अन्तर्वस्तु तयार भएको छ । हिजोसम्म खत्रीबाले जतिसुकै अन्याय अत्याचार गरे पनि शिर ठाडोसम्म गर्न नसक्ने रामे जस्ता अधीनस्थ समुदायले भोग्नुपरेको दबाव र तनावको समाधानस्वरूप वैकल्पिक शक्तिको निर्माण भएका कारण सामन्ती शोषणकारी खत्रीबाजस्ता सामन्तले दबाव र तनावमा परेर आफ्नो अस्तित्व बचाव कसरी गर्ने भनी निदाउन नसकेको अवस्थाले सामन्ती सामाजिक व्यवस्थामा आधारित प्रभुत्वशाली पिँढीको आधिपत्यको अन्त्य हुने सङ्केत प्रस्तुत कथाले दिएको छ । विलियम्सले भने जस्तै प्रभुत्वशाली पुस्ताका विकल्पमा अर्को रामेजस्ता दोस्रो पुस्ता वा अधीनस्थ समूहले दबाव र तनावको समाधान स्वरूप नयाँ संस्कृतिको निर्माण गर्न गइरहेकोले सामन्ती सामाजिक व्यवस्थाबाट निर्मित संस्कृतिको कुरूपताबाट नवीन संस्कृतिको निर्माण हुने विशिष्ट अनुभूतिको संरचना तयार भएको छ ।

## ७ . 'खुला पिँजडा' कथाको आख्यान सन्दर्भ

'खुला पिँजडा' कथा बाध्यतावश एउटा वेश्यालयमा वेश्यावृत्ति अपनाउन पुगेकी एउटी गाउँले टुहुरी युवती र अर्को गाउँबाट सहरमा उच्च शिक्षा अध्ययन गर्न आएको युवकबिचको प्रेमसम्बन्ध र त्यसले जन्माएको परिणति नै कथाको आख्यान सन्दर्भ हो । स्नातक तहमा अध्ययन गरिरहेको म पात्र यौन प्यास मेटाउने खोजीमा एउटा वेश्यालयमा पुगेको र पैसा तिरेर यौन सम्पर्क राख्ने क्रममा अविसा नाम गरेकी युवतीसँग उसको सम्बन्ध सम्पर्क बढ्दै जाँदा उनीहरू बिच गहिरो सम्बन्ध बढ्दै गएको छ । अविसाको सानैमा बाबु मरेको र छारे रोगले ग्रस्त एउटी बुढी आमा पनि लडेर आँखा फुटाएपछि उपचारका क्रममा आमालाई लिई सहर आएकी हो । आफू बाँचेमा छोरीलाई दुःख हुन्छ भन्ने सोचेर होटलको तिन तलाबाट हाम फालेकी आमाको मृत्यु भएपछि टुहुरी भएकी अविसाले कामको खोजिमा भौतारिँदा मसाज सेन्टरमा पुगेकी र वेश्यावृत्तिमा संलग्न भएकी छ । त्यसै क्रममा कोठीमा म पात्रसँग भेट भएपछि उनीहरू बिच गहिरो सम्बन्ध बढ्दै गएको र अविसाले यौनानन्दका लागि रचिएको प्रेमको नाटकलाई वास्तविक ठानेर भित्री हृदयदेखि नै प्रेम गर्न थालेकी छ । म पात्र दुर्घटनामा पर्दा रुँदै बेसरी स्याहारेकी उसले वेश्यावृत्तिको काम छाडेर एउटा पसलमा काम गर्न थालेकी छ । उसको पेटमा म पात्रको बच्चा छ । तर कथाको म पात्र भने उसलाई पन्छाउन चाहन्छ । उसले अविसालाई होइन उसको सुन्दर शरीरलाई माया गर्थो थियो । त्यसैले उनीहरूबिच विवाद सुरु हुन्छ । अविसाले बच्चा जन्माउछे । छुटकारा पाउनका लागि म पात्रले आमा छोरा दुवैको हत्या गर्ने कोशिस गर्दछ । अविसा कोठा छाडेर जान्छे ।

## ८. 'खुला पिँजडा' कथामा पिँढी र प्रभुत्वको परिप्रेक्षमा अनुभूतिको संरचना

प्रस्तुत कथा नेपालको पितृसत्तात्मक अर्ध सामन्ती र अर्धपूँजीवादी समाजको पीठिकामा उभिएको छ । म पात्र नेपालको सामन्ती समाजको पितृसत्तात्मक धर्म संस्कृति, परम्परा र चिन्तनमा हुर्किएको पुरुष चरित्र हो । सहरमा पढ्न

आइसकेपछि उसमा पूँजीवादी संस्कारको पनि प्रभाव परेको छ । पुरुषप्रधान समाजमा पुरुषहरूले जहिले पनि महिलाहरूलाई अवला, बेसहारा र दासी, भोग्या र वेश्या सम्झेर दुर्वयवहार गर्दछन् । आफ्नो यौन प्यास मेटाउनका लागि उनीहरू कोठीमा धाउँछन्, घरमा श्रीमती हुँदाहुँदै अर्कोसँग यौन सम्बन्ध राख्न पनि सक्छन् । उनीहरूले नारीलाई भोग्या र वेश्या सरह ठानेर भोग गर्दछन् । उनीहरूलाई जे गरे पनि छुट छ । यस कुरालाई पुरुषहरूले आफ्नो अधिकार सम्झेका छन् । त्यसैले पितृसत्तात्मक समाजमा पुरुषहरू पहिलो पिँढी अर्थात् प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व गर्दछन् भने नारीहरू सधँै पुरुषहरूको शोषण र उत्पीडनमा पर्ने भएकाले दोस्रो पिँढी अर्थात् अधिनस्थ समुदायमा पर्दछन् । यहाँ म पात्र पनि पितृसत्तात्मक सामन्ती समाजको संस्कृतिमा हुर्के बढेको युवक हो । शहरमा पढ्न आएपछि उसमा पूँजीवादी संस्कृतिको प्रभाव परेको छ ।

प्रस्तुत कथामा विलियम्सले भने जस्तैम पात्र पिँढीगत दृष्टिले प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व गर्ने पुरुष पात्र हो भने अविसा अधिनस्थ पिँढीको प्रतिनिधित्व गर्ने नारी पात्र हो । म पात्रले आफ्नो यौन प्यास मेटाउनका लागि वेश्यालयमा भेटिएकी अविसासँग बारम्बार सम्पर्क सम्बन्ध राख्दछ । एक अर्कामा प्रेम गरेको नाटक गर्दछ । मोटरसाइकल दुर्घटनामा परी अशक्त भएका बेला अविसाले उसको दिशा पिसाव समेत धोइदिन्छे । स्याहार सुसार गर्छे । खर्च पनि दिन्छे । उसले विस्तारै म पात्रलाई प्रेम गर्न थाल्दछे । त्यसपछि उसैसँग जीवन बिताउने उद्देश्यअनुरूप अब वेश्या पेशा गर्दिन भनेर मसाज सेन्टर छाड्छे । तर आफ्नो स्वार्थ पूरा भएपछि म पात्र भने ऊबाट टाढा हुन चाहन्छ ।

त्यसैले म पात्र भन्दछ ः अविसा सुन्दर थिई । एउटी युवतीमा हुनु पर्ने सबै गुण उसँग थिए । रूप थियो यौवन थियो, असल मिजासिलो स्वभाव थियो । मेरो हृदयले उसलाई खोजिरहन्थ्यो । उसलाई स्वीकार्न भने म सक्दिनँ थिएँ । मेरो दिमागको कुना कुनासम्म उसको छायाँ केबल नगरबधुको रूपमा मात्रै थियो । पत्नी भनेर राख्न सक्ने आँट मसँग थिएन । ऊ मलाई प्रेम गर्थी । मेरो लागि जनुसुकै जोखिम उठाउन तयार थिई । तर म चाहन्थेँ ऊ नजिक नभइदियोस् (विष्ट, २०७६, पृ. ३५) । पूँजीवाद संस्कृतिले जहिले पनि नारीलाई भोग्या मात्र ठान्दछ । मसाज सेन्टर खोल्नु, वेश्यावृत्ति सञ्चालन गर्नु सबै पूँजीवादी संस्कृतिका प्रभाव हुन् । यसरी म पात्रको अविसासँगको सम्बन्ध भनेको यौन प्यास मेटाउनका लागि मात्र थियो । उसले त नारीलाई खेलौना र वेश्या मात्र ठान्दथ्यो । पितृसत्तात्मक समाजका पुरुषहरूको कस्तो विशिष्ट प्रकारको प्रभुत्व र अनुभूतिको संरचना तयार हुन्छ भन्ने कुरा यस भनाइबाट अझै प्रस्ट हुन्छ ः शहरमा पढ्न पठाएको छोरो थिएँ म दुनियासित सुत्ने महिलासँग विवाह गरेको थाहा पाएँ घरमा के होला, साथी भाइलाई पनि उसका बारे भनी सकेकी छु । मैले कहिल्यै यस्तो महिलासँग जीवन बिताउने कल्पना समेत गरेको थिइनँ । ऊबाट मुक्त हुने उपाय देखिनँ । लाग्यो अविसाको हत्या गरिदिऊँ । नभए जीवनमा उसको लोग्ने भएर बाँच्नु पर्नेछ (३९) । कथामा भएका विभिन्न घटना र परिघटनाले जन्माएको म पात्रको अर्ध सामन्ती र अर्ध पुजीवादी संस्कृतिको विशिष्ट अनुभूतिले प्रभुत्वशाली पिँढीगत अनुभूतिको संरचना सशक्तरूपमा निर्माण भएको देखिन्छ ।

### ९. खूला पिँजडाभित्र कथामादबाव र तनावका परिप्रेक्षमा अनुभूतिको संरचना

'खुला पिँजडा' कथाको अनुभूतिको संरचना वस्तुतः प्रभुत्वशाली अर्ध सामन्ती र अर्ध पूँजीवादी समाजको पितृसत्तात्मक संस्कृतिको दवावमा अर्को समुदाय विलियम्सकै शब्दमा भन्ने हो भने अधीनस्थ समुदायले गरेको विशिष्ट अनुभूतिको संरचनामा आधारित छ । यो कथा बाबु आमा दुवै गुमाएकी विपन्न वर्गकी एउटी नारीले बाध्यता र विवसतापूर्वक वेश्यावृत्ति गर्नु परेको अवस्था र पितृसत्तात्मक संस्कृतिका दबावमा नारी जातिले भोग्नु परेको विशिष्ट अनुभूतिको संरचनामा आधारित छ ।

'खुला पिँजडा' कथाको आरम्भदेखि नै दबावजन्य अनुभूतिको पक्ष प्रभावकारी किसिमले प्रस्तुत भएको छ । अविसा यस कथाकी अधीनस्थ अर्थात् दोस्रो पिँढीकी पीडित पात्र हो । सानैमा बाबु मरेकी अविसाकी बुढी आमा छारे रोगले

ग्रस्त थिई । त्यसमा पनि लडेर दुवै आँखा फुटेपछि आमाको उपचार कसरी गराउने भनी कथाको सुरुमै ऊ दबाव र तनावमा परेकी छे । त्यसपछि आमाले आफ्नो बिहेलाई साँचेर राखेकी थोरै पैसा बोकेर आमाको उपचार गराउन भनी सहरमा ल्याएकी आमा तिन तलाबाट लडेर मरेपछि झनै तनावमा परेकी छे । बाँच्नको लागि के उपाय गर्ने भन्ने दबाव र तनावमा परेर कामको खोजिमा हिँड्दा विदेशी पूँजीवादी संस्कृतिको प्रभावमा परेर खोलिएको एक मसाज सेन्टरमा पुग्दछे । देखाउने नाम मसाज सेन्टर भए पनि भित्री रहस्य वेश्यावृत्ति गराएर पैसा कमाउने थियो । एउटी गाउँकी स्वच्छ र पवित्र किशोरी बाध्यता र विवशतापूर्वक वेश्या बन्न पुग्दछे । एक दिन एउटा युवक (म पात्र) कोठीमा आइपुग्छ । उसले एउटी वेश्याका रूपमा अविसासँग आफ्नो प्यास मेटाउँदछ । अविसाको कसिएको जिउडाल र रूप रङ्गमा लठ्ठिएको त्यस युवकले प्रेमको नाटक रचेर अविसालाई भ्रमित तुल्याउँदछ । अविसाले उसका सबै कुरा पत्याउँछे र भित्रीरूपमा साँच्चै नै प्रेम गर्न थाल्दछे । म पात्र मोटर साइकल दुर्घटनामा पर्दा एउटी पत्नीले गर्ने जस्तै गरी खाना खुवाइदिने, लुगा फेराइदिने, दिशा पिसाव धोइदिने, खर्चवर्च दिने गर्दछे । उसले मसाज सेन्टर छाडेर अर्कै सुपरमार्केट भित्रको कपडा पसलमा काम गर्न थाल्छे । जसलाई उसले सर्वस्व ठानेर भित्री हृदयदेखि प्रेम गरी, दुःख पर्दा श्रीमतीले जस्तै गरी प्रेमीको स्याहार सुसार गरी । वेश्यावृत्ति छाडेर अर्कै ठाउँमा काम गर्न थाली । वास्तवमा उसले एउटा पारिवारिक जीवनको सपना मात्र के देख्न थालेकी थिई । उसका सबै सपना भताभुङ्ग भए । किनकी म पात्रले उसलाई होइन उसको सुन्दर शरिरलाई मात्र मन पराएको थियो ।

एउटै पलङमा सुत्थ्यौँ । अविसाको शरीरले लोभ्याइरहन्थ्यो । उसको प्रेममा डुबे जस्तो गर्थें । जब उसको शरीरको मोहबाट टाढा हुन्थेँ, मलाई तनाव सुरु हुन्थ्यो । म छुटकारा पाउने उपाय खोज्थेँ (पृ. २६) । एक दिन उसले धेरै नै रक्सी पियो । चुरोट पनि खाइरहेको थियो । अविसाले हजुरले रक्सी र चुरोट किन खाएको भनेर चुरोट खोसी तर उसले "तेरो मायाको मलाई खाँचो छैन तेरा ग्राहकलाई देखा जा" (३७) भनी धम्क्यायो । अविसाको अनुहार अँध्यारो भयो । उसलाई छुटकारा पाउनु थियो । त्यसैले मान्छे कि भनेर उसले फेरि सम्झाउँदै भन्यो " म तिमीसँग जीवन बिताउन सक्दिन मनले मान्दैन प्लिज दुःख नमान है" (३७) । अविसा ठुलो दबाब र तनाबमा परी उसले आँसु झार्दै भनी ः "म हजुरलाई कति धेरै माया गर्छु थाहा छ ?म के गरौँ ? म कहाँ जाउँ ? हजुरबिना मेरो को छ र ? मेरो सबै थोक तपाईं हो । जहाँ पनि तपाईंलाई देख्छु म । यो पेटको बच्चालाई के गर्ने मैले ?" अविसाले रुन्चे स्वरमा भनी (३८) । म पात्रले "तँ वेश्या होस् तेरो पेटमा रहेको बच्चा मेरो कसरी हुन्छ ? बेकाममा टेन्सन नदे खुरुक्क कोठा छोडेर जा" (पृ. ३८) । "मैले काम छाडेको ७ महिना भयो । पाँच महिनाको बच्चा पेटमा छ । तपाईंले के भन्नु भाको ?" (३८) । उसले इमान्दारपूर्वक भनी तर लाज नभएको निर्दयी म पात्रले चिच्याउँदै भन्यो "त्यसलाई झारी दे, मारी दे । मलाई मतलब छैन भन्दै ऊ ठूलो स्वरले चिच्यायो (३८) । तर एउटी नारीले पेटमा भएको बच्चा कसरी मार्न सक्छे, पेटको बच्चा लिएर कहाँ जाने के गर्ने भनेर ऊ सारै ठूलो तनावमा परी र त्यसपछि ऊ रुन थाली । केही सिप नलागेपछि उसले आफ्नो पति भनौँ या प्रेमीलाई तहलाउन सकिन्छ कि भनेर पुलिस लिएर आई पुलिसले यसको पेटमा तेरो बच्चा छ अहिले यातना दिन्छस् ? पहिल्यै सोच्नु पर्दैन .... वल्लो पल्लो कोठाको सबैलाई तेरी स्वास्नी हो भन्ने थाहा छ, तेरो बच्चा हो कि होइन जन्मेपछि मात्र थाहा हुन्छ । त्यति बेलासम्म ऊ तँसँगै रहन्छे यताउति भए त्यसको जिम्मेवार तैँ हुन्छस् (४३) । यसपछि उसले बोल्ने ठाउँ रहेन । कोठामा आएपछि अविसाले मैले गल्ती गरेँ । हजुरलाई दुःख दिने मेरो रहर होइन भन्दै रोइ कराई गरी तर पुलिस थानामा पुर्‍याइएको पुरुष अहमले अविसाको व्यवहार किन सहन गर्न सक्थ्यो । ऊ आगो भयो । केही समयपछि एक बिहान अविसालाई व्यथाले च्याप्यो ऊ कार्पेटमाथि लडिबडी गर्दै छटपटाउन थाली । तर उसले मरोस् भनेर कोठा छाडेर हिँड्यो । साँझ पुग्दा बच्चा जन्मी सकेको थियो । उसले वास्तै गरेन । फेरि कोठा छाडेर हिँड्यो । ऊ एक महिनासम्म साथीको कोठामा गएर बस्यो । सुत्केरी अविसाले वडो तनावमा एक्लै बच्चा हुर्काउँदै थिई । एक महिनापछि म पात्र लुगा लिन कोठामा आउँदा उसले बच्चालाई देख्यो । बच्चा ऊ जस्तै थियो । त्यस बच्चाको बाबु ऊ नै हो भन्ने कुरामा कुनै शङ्का नै थिएन । तर उसले त्यस बच्चालाई एकपटक पनि समाएन बरु उल्टै हत्या गर्ने सोचाइ बनायो । उसलाई लाग्यो ः "सबै तनावको स्रोत यही बच्चा हो । बच्चाकी आमा र बच्चाप्रति मेरो हृदयमा बदलाको मुहार उठ्यो । सिरानी च्यापेर बालकलाई मार्ने विचार गरेँ

। म सिरानी उठउँदै थिएँ बच्चा रोइगयो । उसको मुख दबाउन तयार मेरा हातखुट्टा आफै कामे” **.......**(४५) । बच्चालाई मार्न लागेको देखेर ज्यादै तनावमा परेकी अविसा रिसले आगो भई । उसले म पात्रलाई घृणाभरि नजरले हेरी । उसको अनुहार रिसाएको नागिनी जस्तो देखियो । उसले चिच्याउँदै भनी ः मेरो छोरालाई नमार ! हो म तेरो लागि वेश्या हुँ । तर तँ, जति निच छैन । तँ जति निच मान्छे दुनियामा कहीँ देखिन । पहिल्यै थाहा भइदिएको भए तैँले छोएको ठाउँ पनि छुदिनथेँ ... तँ आफ्नै छोराको हत्या गर्न सक्छस् **?** म वेश्या मात्र होइन, आमा पनि हुँ । तँ जस्तो हुतिहारालाई बाउ हुने अधिकार पनि छैन । यो तेरो कोठा हो । तँ बस् । मेरो कुनै जन्म भएछ भने पनि तेरो अनुहार देख्न नपरोस् (४६) ।

प्रस्तुत ‘खुला पिँजडा’ कथाको अध्ययन गर्दा एकातिर अर्ध सामन्ती अर्ध पूँजीवादी सामाजिक व्यवस्थाको पितृसत्तात्मक समाजमा हुर्किएको पुरुष जसले नारीलाई भोग्या र वेश्या ठानेर उसका शरीरमा भोग गर्नुसम्म गर्छ यौन प्यास मेटाएर आनन्दित हुन्छ । उसले नारीलाई गर्भधारण समेत गराउँछ , तर ऊ आफू समाजमा चोखो मर्यादित पुरुष भएको ढोंग गरेर गर्वान्वित हुन्छ । म पात्र पनि बाबु आमाले के भन्लान् समाजले के भन्ला यस्ती वेश्यासँग बिहे गर्ने कुरा त सोच्न पनि सकिन्न भन्दै दबाव र तनावमा परेको छ । ऊ आफूले जन्माएको बच्चाको समेत हत्या गर्ने अवस्थामा पुग्छ । अर्कोतिर प्रेमबाट धोका पाएपछि कहाँ जाने, के गर्ने भनी ठूलो दबाव र तनावमा परेकी अविसा जस्ती नारीले जब आफैले जन्माएको बच्चालाई आफ्नै पतिले मार्न खोजेपछि रिसाएकी नागिनी जस्तो भएर बच्चा खोसेर घर छाडी हिँडेको प्रस्तुत घटनाबाट नयाँ विशिष्ट अनुभूतिको संरचना तयार भएको छ । एकातिर फोस्रो धाक, रवाफ र इज्जतका लागि आफ्नैले यौन सम्पर्क गरेर जन्माएको आफ्नो बच्चा र आमाबाट कसरी छुटकारा पाउने भनी तनावमा परेर आमा र बच्चा समेतको हत्या गर्न खोज्ने बाबु र आफूले सच्चा प्रेम गरेको प्रेमीले धोका दिएपछि कसरी कहा जाने के गर्ने बच्चालाई कसरी हुर्काउने भनी दबाव र तनावमा परेकी एउटी पीडित नारीको अनुभूतिको क्रिया प्रतिक्रियाबाट विशिष्ट अनुभूतिको संरचना तयार भएको छ । मातृत्वका निम्ति विद्रोह गर्दै अविसाले एक महिनाको बच्चा लिएर कुनै जन्ममा पनि तेरो मुख हेर्न नपरोस् भनी धिक्कार्दै कोठा छाडेर हिँडेकी घटनाले पितृसत्तात्मक प्रभुत्वशाली संस्कृतिको कुरूपताबाट नवसंस्कृतिको जन्म हुने सङ्केत गरेको देखिन्छ ।

## १०. निष्कर्ष

ऋषिराज बरालको ‘खत्री बालाई आजभोलि निद्रा लाग्दैन’  नेपाली ग्रामीण समाजमा भएको सामन्ती शोषण र उत्पीडनको कथा हो भने ‘खुला पिँजडा’ कथा बाध्यतावश एउटा वेश्यालयमा वेश्यावृत्ति अपनाउन पुगेकी एउटी गाउँले टुहुरी युवतीले  पितृसत्तात्मक समाजका पुरुषलेयौनानन्दका लागि रचिएको प्रेमको नाटकलाई वास्तविक ठानेर भित्री हृदयदेखि नै प्रेम गर्दा भोग्नुपरेको उत्पीडनको कथा हो । ‘खत्री बालाई आजभोलि निद्रा लाग्दैन’ कथा नेपालको सामन्ती सामाजिक व्यवस्थाको पीठिकामा उभिएको छ । एकातिर सामन्ती, आर्थिक, सामाजिक, संस्कृतिका कारण खत्रीबा जस्ता सामन्तहरूको शोषण उत्पीडनबाट घरबार विहीन हुनु परेर पुस्तौँदेखि जमिन्दारकै घरमा नोकर बन्न बाध्य भएका श्रमिकहरूको अनुभूतिको संरचना प्रस्तुत भएको छ भने अर्कोतिर सामन्ती शोषण र उत्पीडनलाई मुक्त गर्न भनी बनेको सशस्त्र सहितको अर्को प्रभुत्वशाली शक्तिले पठाएको चिठी र आफ्नै घरमा बसेको नोकर भागेर मुक्तिसेनामा सामेल भएपछि खत्री बाजस्ता प्रभुत्वशाली सामन्तको मुटु थर्किएको छ । उनी मानसिकरूपले पराजित भएपछि रातभर निद्रा नलागेको र दबाव र तनावमा परेर आफ्नै अस्तित्व बचाउनका लागि गरेको परिघटनाहरूले कथाको अन्तर्वस्तु तयार भएको छ । खत्रीबा जस्ता प्रभुत्वशाली शक्तिका विरुद्ध रामे जस्ता दोस्रो तथा अधीनस्थ पिँढीले मुक्ति पाउने आकाङ्क्षा स्वरूप वैकल्पिक बाटो समातेर सशस्त्र सङ्गठित द्वन्द्वरत सेनामा सामेल भएपछि रामेबाट खत्री बासँग कीर्ते तमसुक मागेको परिघटनाले सामाजिक व्यवस्थामा आधारित प्रभुत्वशाली पिँढीको आधिपत्यको अन्त्य भई शोषणमुक्त नवीन संस्कृतिको निर्माण हुने सङ्केत प्रस्तुत कथाले दिएको छ ।

'खुला पिँजडा' कथानेपालको पितृसत्तात्मक अर्धसामन्ती र अर्धपूँजीवादी समाजको पीठिकामा उभिएको छ ।प्रस्तुत कथामा म पात्र विलियम्सले भने जस्तै पिँढीगत दृष्टिले प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व गर्ने पुरुष पात्र हो भने अविसा अधीनस्थ पिँढीको प्रतिनिधित्व गर्ने नारी पात्र हो । 'खुला पिँजडा' कथा बाध्यतावश एउटा वेश्यालयमा वेश्यावृत्ति अपनाउन पुगेकी एउटी गाउँले टुहुरी युवती र अर्को गाउँबाट सहरमा उच्च शिक्षा अध्ययन गर्न आएको युवकबिचको प्रेम सम्बन्ध र त्यसले जन्माएको परिणति नै कथाको अनुभूतिको संरचना हो ।एकातिर फोस्रो धाक, रवाफ र इज्जतका लागि आफैले जन्माएको बच्चा र आमासमेतको हत्या गर्न खोज्ने बाबु र आफूले सच्चा प्रेम गरेको प्रेमीले धोका दिएपछि कहा जाने र बच्चालाई कसरी हुर्काउने भनी दबाव र तनावमा परेकी एउटी पीडित नारीको अनुभूतिको क्रिया प्रतिक्रियाबाट विशिष्ट अनुभूतिको संरचना तयार भएको छ । मातृत्वको रक्षाका लागि अविसाले एक महिनाको बच्चा लिएर धिक्कार्दै विद्रोह गरेर हिँडेकी घटनाले पितृसत्तात्मक प्रभुत्वशाली संस्कृतिको कुरूपताबाट नवसंस्कृतिको जन्म हुने सङ्केत गरेको देखिन्छ ।

**सन्दर्भ सामग्री**

पाण्डेय, ताराकान्त (२०७३), माक्र्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र, ललितपुर ः साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७३), खत्री बालाई आजभोलि निद्रा लाग्दैन, समसामयिक प्रगतिवादी नेपाली कथा (सम्पा. बिन्दु शर्मा), काठमाडौँ ः नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, अमृता (सन् २०२१), "सिपाहीको स्वास्नी कथामा अनुभूतिको संरचना", कग्निसन, नेशनल रिसर्च एसोसिएसन, पाटन, मल्टिपल क्याम्पस, त्रि.वि. ।

विष्ट, ललित ( २०७६ ), 'खूला पिँजडा', मोहपथ,काठमाडौँ ः फिनिक्स बुक्स ।

Williams, Raymand (1965). *The Long Revolution*, 2nd ed. London: Penguins Books.